# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ बैठक शाखा

च.नं.: 856

मितिः-२०७७/०९/०२

विषयः- निर्णय कार्यान्वय गर्ने सम्वन्धमा ।

**श्री मनहरी गाउँकार्यपालिकाका**
**सबै शाखा/उपशाखा प्रमुखहरु**
**वडा कार्यालय/वडा सचिवहरु**
**मनहरी, मकवानपुर ।**

प्रस्तुत विषयमा मिति २०७७ पौष ०१ गते वुधवार बसेको कार्यपालिका बैठकको निर्णय पाना थान नौ यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्वन्धित निर्णयहरु हेरी आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

2077/9/2

(देवराज चौलागाई)
प्रमुख प्रशासकिय अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

फोनः०५७-४१९३०३वेवसाईटःwww.manaharimun.gov.np, ईमेलःmanaharimun@gmail.com

"कृषि, पर्यटन, वन वातावण र ब्यापार, मनहरी समृदधीको मूल आधार"

Scanned with CamScanner

आज मिति २०७७ साल पौष ०१ गते बुधवारका दिन अपरान्ह ०१ बजे देखि यस मनहरी गाउँपालिकाको कार्यपालिका बैठक गा.पा. अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित वसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो ।

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. श्री एकराज उप्रेती | गा.पा अध्यक्ष | अध्यक्ष | |
| २. श्री मनिला विष्ट | गा.पा. उपाध्यक्ष | उपाध्यक्ष | |
| ३. श्री आनन्द घलान | २ नं.वडा अध्यक्ष | सदस्य | |
| ४. श्री गोपिलाल मोक्तान | ६ नं.वडा अध्यक्ष | सदस्य | |
| ५. श्री ठाकुरराम तिटुङ | ७ नं.वडा अध्यक्ष | सदस्य | |
| ६. श्री दिलबहादुर स्याङतान | ८ नं.वडा अध्यक्ष | सदस्य | |
| ७. श्री ध्रुव खड्का | ४ नं.वडा अध्यक्ष | सदस्य | |
| ८. श्री विष्णु थिङ | ३ नं.का.बा.वडा अध्यक्ष | सदस्य | |
| ९. श्री साधुराम अधिकारी | ९ नं.वडा अध्यक्ष | सदस्य | |
| १०. श्री शिव प्रसाद खनाल | १ नं.वडा अध्यक्ष | सदस्य | |
| ११. श्री शुभराज थिङ | ५ नं.वडा अध्यक्ष | सदस्य | |
| १२. श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य | |
| १३. श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य | |
| १४. श्री राधादेवी खकुराल पाठक | महिला सदस्य | सदस्य | |
| १५. श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य | राममाया |
| १६. श्री गीता कुमारी प्रजा | दलित/अल्पसंख्यक सदस्य | सदस्य | |
| १७. श्री देवराज चौलागाई | प्रमुख प्रसाशकिय अधिकृत | सचिव | |

**आमन्त्रित/सहयोगी**

| | | |
|---|---|---|
| १. श्री संगिता अधिकारी | लेखा अधिकृत | राजश्व आ.प्र.महाशाखा प्रमुख |
| २. श्री टेकराज अधिकारी | अ.स्वा.नि | स्वा.शाखा प्रमुख |
| ३. श्री डिल्लीराम रेग्मी | ना.प्र | वेरुजु शाखा |

Scanned with CamScanner

मिति २०७७ पौष ०१ गते बुधवार बसेको गाउँ कार्यपालिकाको निर्णय

प्रस्तावहरु

१. गतः कात्तिक २४ गते बसेको बैठकले गरेको निर्णय कार्यान्वयनको समिक्षा वारे ।
२. भत्सर्ना तथा खेद प्रकट प्रस्ताव वारे ।
३. हिउँदे गाउँ सभा संचालनको मिति तय गर्ने वारे ।
४. आगामी गाउँसभामा पेश गर्ने ऐन नियमहरु अनुमोदन गर्ने वारे ।
५. सार्वजनिक पर्ति जग्गा नापजाँचको थप ब्यवस्थापन वारे ।
६. ५ वटा RCC पुलको सिलान्यास र प्राविधिक सेवा करारमा लिने वारे ।
७. निर्माणाधिन मनहरी अस्पतालको DPR गरी भवन निर्माण कार्यको बोलपत्र वारे ।
८. वडा नं.६ मा स्वास्थ्य सेवा विस्तार गर्ने वारे ।
९. कार्यविधिहरु स्वीकृत गर्ने वारे ।
१०. रु. ५ लाख सम्मका योजनाहरु कार्यान्वयनमा सहजिकरण गर्ने वारे ।
११. विद्धुत विस्तारमा नपुग सामग्रीहरु खरिद सहयोग उपलब्ध गराउने वारे ।
१२. कवाडी कर संकलन कार्य ब्यवस्थित गर्ने वारे ।
१३. स्थानीय राजश्व परामर्श समितिको निर्णय वारे ।
१४. लक्षित समुहको कार्यक्रम संचालन गर्ने वारे ।
१५. विजौना खानेपानी योजनाको म्याद थप गर्ने वारे ।
१६. Tree House को IEE गराउने बारे ।
१७. सेफ हाउस संचालनको लागि समिति गठन गर्ने वारे ।
१८. लामिटार सेफहाउस भवन निर्माण वारे ।
१९. वडा नं.४ को योजनाको नाम संशोधन गर्ने वारे
२०. नदीजन्य श्रोतको कर संकलकको रुपमा करार सेवामा कामकाज लगाउने वारे ।
२१. जग्गा भाडामा उपलब्ध गराउने वारे ।
२२. स्वास्थ संस्थाको नमाकरण वारे ।
२३. कोभिड अस्थायी अस्पताल अगाडीको धुलो नियन्त्रण वारे ।
२४. घर स्थानान्तरण गर्ने वारे ।
२५. मासिक करार सेवा लिने वारे ।
२६. लोथर रुपाचुरी फरिवाङ सडक निर्माणमा नपुग रकम थप गर्ने वारे ।
२७. विविध विषयहरु

- क- अध्यक्षकप फुटवललाई नपुग रकम थप गर्ने वारे ।
- ख- सगरमाथा प्रा.वि.लाई जस्तापाता उपलब्ध गराउने वारे ।
- ग- पत्रकार महासंघलाई आर्थिक सहयोग गर्ने वारे ।
- घ- मकवानपुर साँस्कृतिक मञ्चलाई आर्थिक सहयोग गर्ने वारे ।
- ङ- वडा नं. ४ मा खेलकुद मैदान मर्मत खर्च उपलब्ध गराउने वारे
- च- पशुपति मा.वि.मा खानेपानी तथा अस्थायी शौचालय निर्माण वारे ।
- छ- निर्माणाधिन ९ नं. वडा कार्यालय भवन जाने वाटो मर्मत वारे ।
- ज- जेष्ठ नागरिक महासंघलाई आर्थिक सहयोग गर्ने वारे ।
- झ- त्रिसत्य महाकाब्य खरिद गर्ने वारे ।
- ञ- कोभिड खर्च अनुमोदन वारे ।
- ट- गोकुल स्मृति क्लवलाई खेलकुद सहयोग वारे ।
- ठ- आर्थिक सहायता अनुमोदन वारे ।



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हँडिया, मकवानपुर वागमती प्रदेश, नेपाल

निर्णयहरु

१. यस प्रस्तावमा छलफल गर्दा गतः कार्तिक २४ गते बसेको कार्यपालिका बैठकवाट भएका १३ वटा निर्णयहरु मध्ये सवैजसो निर्णयहरु कार्यान्वयन भएका र विषयगत समितिहरुको अनुगमन लगायत बैठक वस्ने कार्य नियमित रुपमा भैरहेको र उक्त समितिहरुवाट प्राप्त सुझावका आधार समेतलाई ध्यान दिई कार्यक्रम संचालन गर्ने र आगामी गाउँ सभामा समितिका निर्णय एवम् सिफारिस अनुसार कार्य गर्ने ।

२. यस गाउँपालिकाका उपाध्यक्ष मनिला विष्टले आफ्नो पदवाट राजिनामा दिएको भन्ने विषय संग जोडेर भ्रामक र कपोकल्पित विषयहरु समेटेर फेसवुक, पत्रपत्रिका अनलाईन मिडिया र विभिन्न संचार माध्यमहरुमा आएका खवरको वारेमा कार्यपालिका बैठकमा गंभिर ध्यानाकर्षण र ब्यापक छलफल भयो । पुष्ट्याई विना सत्य तथ्य नबुझी अनावश्यक भ्रमपुर्ण कपोकत्पित आरोप सहितका समाचार आउनु दुखद र भत्सर्ना योग्य तथा खेदपुर्ण भएको । मिडियाकर्मीहरुले समाचार प्रकाशन/ प्रशारण गर्दा आधिकारीक रुपमा वुझी प्रकाशन/ प्रशारण गर्नुहुन कार्यपालिका बैठक हार्दिक आग्रह गर्दछ ।

३. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकाको आगामी हिँउदे आठौ गाउँसभा यहि पौष ०६ सोमवार विहान ११ बजे बस्ने । सो कार्यका लागि आवश्यक तयारीका लागि कर्माचारी तथा पदाधिकारीहरुले सकृय रुपमा कार्य प्रकृया अगाडि वढाउने ।

४. यस प्रस्तावमा छलफल गर्दा विधायन समितिको सिफारिस सहित प्राप्त ऐन/ कार्यविधिको मस्यौदा यस बैठका ब्यापक छलफल भयो र आगामी गाउँ सभामा स्वीकृतिका लागि पेश गर्ने ।

**क.** नेपालको संविधानको धारा २२१ बमोजिम अनुसुची ८ र अनुसुची ९ मा उल्लेखित वातावरण प्राकृतिक श्रोत र जैविक विविधता सम्वन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि **वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्वन्धमा ब्यवस्था गर्न वनेको ऐन २०७७**

ख. प्राकृतिक श्रोत संरक्षण ऐन २०७७ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी **प्रारंभिक वातावरणिय परिक्षण कार्यविधि २०७७**

५. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति, ऐलानी जग्गा संरक्षण गर्ने दायित्व गाउँपालिकामा रहेको र गाउँपालिका भित्र करिव एक हजार विगाह त्यस्ता जग्गा पहिचान तथा स्थिति अभिलेखिकरण गर्ने कार्य सम्पन्न गरेको छ । पहिचान भएका जग्गाहरुमा तथा साँध सिमाना लगाई संरक्षण समेत गर्ने ।

नेपाल सरकार भुमि सम्वन्धी समस्या समाधान आयोग र यस गाउँपालिका वीच मिति २०७७-०८-२५ गते भएको संझौता अनुसार भुमिहिन दलित, सुकुम्वासी र अब्यवस्थित बसोवासीको समस्याको रुपमा रहेको जग्गा पहिचान, रेखाङ्कन, लगत संकलन समेतको कार्य अगाडी बढाउनको लागि भुमि ब्यवस्था सम्वन्धी आयोगवाट प्राप्त निर्देशिका अनुसारका समिति/उपसमितिहरु गठन गर्ने र गाउँपालिकामा रहने गरी स्वीकृत बजेटकोको परिधि भित्र रहि तोकिए बमोजिम कर्मचारी भर्ना/ ब्यवस्थापन तथा



निर्णय प्रमाणित
(प्रमुख प्रशासकीय अधिकृत)

...कराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

कार्यान्वयन इकाई गठन गर्ने, सो इकाईको शाखा प्रमुख तोक्ने, जग्गाको नापजाँच तथा लगत संकलन गर्ने । आवश्यक छपाईको कार्यलाई समेत अगाडी वढाउन कार्यालयलाई निर्देशन दिने ।

६. यस प्रस्तावमा छलफल गर्दा वडा नं.२, ३ र ४ का विभिन्न खोला खहरेहरुमा निर्माण गरिने पक्की (RCC) पुलहरुको ठेक्का सैझौता अन्तिम चरणमा रहेकाले सम्वन्धित निर्माण ब्यवसायी संग संझौता भएपछि संघीय तथा प्रदेश तहका सम्वन्धित पदाधिकारीहरुवाट सिलान्यासको ब्यवस्था मिलाई थप बजेटको लागि समेत अनुरोध गर्ने । यस कार्यका लागि गाउँपालिका अध्यक्षलाई अख्तियारी प्रदान गर्ने । सो पुलहरु निर्माणको चरणमा कार्यालयमा मौजुदा प्राविधिकहरुले अनुगमन/सुपरिवेक्षण गर्न नभ्याई थप अनुभवि प्राविधिकहरु आवश्यक पर्ने भनि प्राविधिक शाखावाट माग भै आएकाले उक्त प्राविधिक सेवा प्रभावकारी रुपमा प्राप्त हुने विधि अपनाई सेवा करार शुल्कवाट खर्च ब्यहोर्ने गरी निश्चित अवधिका लागि प्राविधिकको सिफारिसको आधारमा निश्चित मापदण्ड वनाई आवश्यक थप प्राविधिक सेवा लिने ब्यवस्था कार्यालयले मिलाउने ।

७. यस प्रस्तावमा छलफल गर्दा संघीय सरकारको सहयोगमा मनहरी वडा नं. ७ स्थित हाल प्राथमिक स्वास्थ्य केन्द्र रहेको स्थानमा १५ शैयाको अस्पताल वनाउने गरी भवन निर्माणको सिलान्यास भैसकेको सन्दर्भमा यस अघि मिति २०७७ आश्विन २४ गते भएको निर्णय नं. १ अनुसारको पुर्वाधार संग मिल्ने गरी Details Project Report बनाउन आवश्यक प्रकृया सुरु गर्ने र सो भवन संघीय सरकारको नीति वमोजिम हुने गरी २०७७ पौष मसान्त भित्र निर्माण कार्यको बोलपत्र प्रकाशन गर्ने ब्यवस्था कार्यालयले मिलाउने ।

८. यस प्रस्तावमा छलफल गर्दा मनहरी गाउँपालिका वडा न. ६ रुपाचुरी बालुभञ्याङका वासिन्दाहरुमा सामान्य स्वास्थ्य सेवाको पहुँच समेत नपुगेको र सो स्थानवाट गर्भवति, सुत्केरी जाँच लगायत अन्य स्वास्थ्य समस्याका विरामीहरु लामो दुरी पार गरी मनहरी बजार आईपुग्नुपर्ने बाध्यता रहेकाले सो स्थानमा स्वास्थ्य पुर्वाधारको रुपमा वर्थिङ सेन्टर, स्वास्थ्य कार्यालयवाट प्राप्त बजेटले खोप केन्द्र भवन लगायतका पुर्वाधार ब्यवस्थापन/ निर्माण र स्वास्थ्य सेवाका कर्मचारीहरु समेत ब्यवस्था गर्ने ।

९. यस प्रस्तावमा छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी देहाय अनुसारका कार्यविधिहरु स्वीकृत गर्ने र अन्य ब्यवस्थापकिय कार्यहरु कार्यालयले गर्ने ।

क. मनहरी गाउँपालिका बाल अधिकार समिति(गठन तथा कार्य सञ्चालन) कार्यविधि २०७७ लाई मनहरी गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम ।

ख. मानव वेचविखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति(गठन तथा परिचालन) कार्यविधि २०७७ लाई स्थानीय सरकार संचालन ऐनको दफा १४ बमोजिम ।

१०. यस प्रस्तावमा छलफल गर्दा गाउँ सभाले विनियोजन गरेका स-साना योजनाहरु समेत वडा कार्यालय मार्फत गाउँपालिका केन्द्रमा आई संझौता लगायत अनुगमन, मुल्याङन गराउनु पर्ने ब्यवस्था गरीएकोमा ती स-साना योजनाहरुका लागि दुरदरारका



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

सर्वसाधारणहरुले नियमित आउन खर्च लगायत समयले नभ्याउने समस्या र गुनासो आएकाले जनताको घर दैलोमा सरकारी सेवा पाउनु पर्ने सरकारी नीतिलाई समेत मध्यनजर गर्दै रु पाँच लाख सम्मका योजनाहरुको संझौता, प्राविधिक सुपरिवेक्षण, अनुगमन लगायतका प्रशासनिक कार्यहरु सम्वन्धित वडा कार्यालयवाट समेत गर्न सकिने ब्यवस्था मिलाउन आवश्यक निर्देशिका सहित स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ को उपदफा ६ बमोजिम हुने गरी प्रमुख प्रशाकिय अधिकृतले ब्यवस्था मिलाउने ।

११. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकाले विद्धुत विस्तारका लागि तार,पोल खरिद गरी वडा कार्यालयहरुको सिफारिसमा विभिन्न उपभोक्ता समितिहरु मार्फत वितरण गर्दै गरेको सन्दर्भमा सो कार्यका लागि आवश्यक पर्ने ढुवानी खर्च, नटबोल्ट, ईन्सुलेटर जस्ता आवश्यक सामग्रीहरुको अभावमा काम गर्न कठिनाई परेको गुनासो आएकाले ढुवानीको दुरीलाई मध्यनजर गरी प्राविधिकको लागत अनुमान, मुल्याङ्कन र उ.स.को विल भर्पाई, अनुगमन, फोटो तथा वडा सिफारिस आदिको आधारमा पुँजिगत सम्पत्ति/ संरचना मर्मत संभार कोष शिर्षकवाट खर्च रकम उपलब्ध गराउने ।

वडा नं. ७ को बजार क्षेत्रमा सो तारको सट्टा कालो केवुल तारवाट लाईन प्रशारण गर्नु पर्ने भएकाले बजेटको अवस्था हेरी लागत अनुमान गराई ५००.०० मिटर खरिद गरी उपलब्ध गराउने । कार्यालयले खरिद गरेका जस्तापाता, ग्यावियन जाली, ह्युमपाईप, तथा खानेपानी पाईप जस्ता वस्तुगत सहयोग सामग्री समेत अत्यावश्यक भएमा प्राविधिकको लागत अनुमान गराई प्रमुख प्रशासकिय अधिकृत संग समन्वयमा सम्बन्धित वडाअध्यक्षहरुले माग गर्ने ।

१२. यस प्रस्तावमा छलफल गर्दा गाउँसभाले अनुमान गरेका आय श्रोत अनुसार थप आम्दानीका लागि पुनः प्रयोग हुने र नहुने (कवाडी) कर संकलन गर्ने प्रयोजनका लागि गाउँपालिकाले संकलन गरेका फोहर भण्डारण स्थलवाट प्राप्त हुने कवाडी वापत २०७८ आषाढ मसान्त सम्मका लागि एकमुष्ठ रु. पचास हजार दिने गरी संकर साह सोनारले दिएको निवेदन उपर छलफल हुँदा सो स्थानवाट निस्कन सक्ने कवाडी सामानको परिमाण, मुल्य, वातावरण ब्यवस्थापन र सरसफाई समेतलाई ध्यान दिई स्थानीय राजश्व परामर्श समिति समेतको सिफारिसमा उक्त कवाडी कर संकलनको ब्यवस्था कार्यालयले अविलम्व मिलाउने ।

१३. यस प्रस्तावमा छलफल गर्दा मिति २०७७ आश्वीन २० गते बसेको स्थानीय राजश्व परामर्श समितिले गरेका निर्णयहरु कार्यान्वय सम्वन्धमा देहाय अनुसार थप स्पष्टता खुलाउने ।

क. निर्णय नं. १ अनुसार सि.बि. कन्स्ट्रक्सन प्रा.लि.ले कोभिड १९ का कारण भएको लकडाउनले गर्दा सो अवधिमा निकासी गर्न नपाएको कारण छुट सहुलियत माग गरेकोमा ३६,८३७.४९ घनमिटर ठेक्का प्रकृयामा निकासी कम भएको परिमाण सहुलियत दिने सुझाव प्राप्त भएकोमा राजश्व शाखाको च.नं. १०५९ मिति २०७६-०८-२२ को पत्रानुसार जारी दैनिक पटके अभिलेख तेरिज अनुसार कुन कुन अवधिको वाँकि परिमाण देखाईएको हो सोको अभिलेख पेश गर्ने ।



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

ख. निर्णय नं. २ को संदर्भमा सि.बि. कन्स्ट्रक्सन प्रा.लि.ले कार्यालयवाट प्रमाणित गरी उपलब्ध गराएको राजश्व रसिद भन्दा अन्यथा प्रकारको नक्कली रसिद प्रयोग भएको देखिएको विषयमा के कति प्याड नक्कली रसिदको अर्ध कट्टीहरु फिर्ता आएको हो सो कुरा यकिन गराउने र एकै दिन धैरै फरक सिरियलका रसिद समेत प्रयोग भएको भन्ने संदर्भमा प्रमुख प्रशासकिय अधिकृतवाट पेश भएको प्रतिवेदनमा उल्लेख भएझै राजश्व हानी नोक्सानी भए नभएको र परिमाण छली राजश्व हिनामिना भए वा नभएको भन्ने विषयलाई यथार्थ रुपमा छानविन गर्न थप विशेषज्ञताको आवश्यकता पर्ने ब्यहोरा सिफारिस भएको ।

उल्लेखित विषयहरुलाई मनन गरी कवुलियतनामा र संझौताको प्रतिकुल नहुने गरी विशेषज्ञताको रुपमा माथिल्लो निकायहरुमा भैरहेको छानविनलाई समेत अध्ययन र समन्वय गर्दै निज प्रा.लि.लाई ठेक्कावाट परेको मर्काको विषयमा दिनुपर्ने मिनाहाको तथ्यहरु सहितको प्रस्ताव स्थानीय राजश्व परामर्श समितिले अविलम्व पेश गर्ने ।

ग. निर्णय नं. ३ को सन्दर्भमा विगत वर्ष २०७५-०७६ को स्टक, गतः आ.ब. २०७६-०७७ मा दिईएको उत्खनन् अनुमति, उत्खनन् गरीएको परिमाण, भण्डारण स्थल, २०७७ आषाढ मसान्त सम्मको खुद स्टक, जि.स.स.बाट भएको प्रमाणित परिमाण तथा विभिन्न स्थानहरुमा ब्यवसायिक प्रयोजनले थुपारिएका नदीजन्य श्रोतहरु सहित चालु आ.ब.मा मौज्दात, IEE , विपद ब्यवस्थापन गर्दा प्राप्त हुने परिमाण समेत यकिन गरी अमानतमा विक्री गरेको परिमाण घटाई कार्यालयवाट प्रस्तावित ३,७४,८२०.०० घनमिटर परिमाण कायम गर्ने र सो परिमाणमा १५% घटाई हुन आउने रकमलाई न्युनतम ठेक्का रकम कायम हुने गरी नदीजन्य श्रोत र वातावरण शुल्क ठेक्का वन्दोवस्तीको सुचना कार्यालयले अविलम्व प्रकाशन गर्ने र प्रति घनमिटर ६७.८०(मुअकर सहित) का दर अनुसार कार्यालयले उत्खनन् प्रमाणित गरेको भन्दा वढि देखिएको परिमाणको सम्बन्धितवाट १,८३,१८१.०० घनमिटर दण्ड जरिवाना असुल गराउने र विक्रीको हकमा साविक बमोजिम नै प्रदेश कार्यविधिले तोकिदिएको दररेट अनुसार संकलन गर्ने ब्यवस्था मिलाउने ।

१४. यस प्रस्तावमा छलफल गर्दा सामाजिक विकासलाई गुणस्तरीय र जीवन यापनको आधार तयार गर्न विकास साझेदार संस्थाहरु संगको सहकार्यलाई समेत मध्यनजर गर्दै गाउँपालिकामा स्वस्थ सक्षम र श्रृजनशिल जनशक्ति उत्पादन गरी आर्थिक रुपले सकृय वनाई समाजलाई लैङ्गिक मैत्री, विभेद रहित र समतामुलक बनाउन गाउँपालिका भित्र कोहि बेरोजगार नहोउन कोहि भोको वस्न नपरोस भन्ने उदेश्यका साथ गाउँसभाले चालु आ.ब.मा लक्षित समुहका लागि विनियोजित बजेटवाट सामाजिक रुपमा पछाडि पारीएका समुहहरुको उत्थान र विकासको मुल प्रवाहमा ल्याउनका लागि आयमुलक र सिपमुलक कार्यक्रम संचालन कार्य सम्वन्धित वडा कार्यालय मार्फत प्रभावकारी रुपमा गर्नु पर्ने भएकाले सम्वन्धित वडा कार्यालयहरुले आ-आफ्नो क्षेत्र संग सम्वन्धित कार्यक्रम संचालन गर्ने प्रस्ताव सहित सिफारिस पेश गर्ने ।

१५. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ६ स्थित विजौना खानेपानी योजनाको निर्माण कार्य मिति २०७५-१२-२८ मा प्रकृति निर्माण सेवा प्रा.लि. संग रु.६७,५८,१७९.००



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

मा ठेक्का सैझौता भई कार्य भैरहेकोमा पहिलो पटक थप गरीएको समयावधिमा केहि काम वाँकि रहेको र कोभिड १९ का कारण तोकिएको अवधिका समेत सो कार्य सम्पन्न हुन नसकेकाले प्राविधिकको राय सिफारिस अनुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(३) बमोजिम कार्यालयको प्रस्ताव अनुसार २०७७ पौष १५ गते सम्म कार्य अवधि थप गर्ने ।

१६. यस प्रस्तावमा छलफल वडा नं. १ स्थित ट्रि हाउस लाई पर्यटकिय आकर्षकको स्थान वनाई पर्यटक प्रवर्धन गर्ने उद्देश्यले सोको निर्माण कार्य गर्न आवश्यक प्रकृया पुरा गरी प्रारंभिक वातावरणिय परीक्षण(IEE) गराउने ।

१७. यस प्रस्तावमा छलफल गर्दा गाउँपालिकाको वडा नं. ३ स्थित लामिटारमा रहेको सेफहाउस संचालन र ब्यवस्थापनका लागि देहाय अनुसारको संचालक समिति गठन गर्ने । सो समितिले सेफहाउसको रेखदेख र उद्दारका लागि आउने/ल्याउने पीडितहरुको सुरक्षा लगायत लगत रख्न लगाउने खान बस्नका लागि सहजिकरण गर्ने ।

संयोजक कार्यपालिका सदस्य श्री पम्फा रोक्का
सदस्य कार्यपालिका सदस्य श्री गीता प्रजा
सदस्य कार्यपालिका सदस्य श्री कृष्ण विडारी
सदस्य सचिव महिला तथा वालवालिका शाखा प्रमुख

१८. यस प्रस्तावमा छलफल गर्दा लामिटार स्थित सेफहाउस भवन निर्माणका लागि विनियोजित रु.१५ लाखवाट उपभोक्ता समिति गठन भई निर्माण कार्य भैरहेको तर सो निर्माण कार्य स्वीकृत लागत अनुमान, नक्सा, डिजाईन भन्दा फरक किसिमको कार्य भैरहेको भन्ने विषयमा यस बैठकमा छलफल र गुनासाहरु समेत आएकाले स्वीकृत बजेट, लागत अनुमान, नक्सा, डिजाईन भन्दा फरक किसिमले भएको निर्माण कार्यको भुक्तानी नगर्ने र सो ब्यहोरा उपभोक्ता समितिलाई समेत जानकारी गराउन कार्यालयलाई निर्देशन दिने ।

१९. यस प्रस्तावमा छलफल गर्दा प्रदेशवाट स्वीकृत भएको तपशिलको योजनाको नाम फरक परेकाले संशोधनका लागि देहाय अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेश, हेटौडालाई अनुरोध गर्ने ।

| हुनुपर्ने तथा कायम गर्नु पर्ने योजनाको नाम | भएको योजनाको नाम |
|---|---|
| ४ नं. वडा कार्यालय जाने तटवन्धन सहितको बाटो निर्माण | मसिने बाढि प्रभावित क्षेत्र नियन्त्रण तथा तटवन्धन मनहरी ४ |

२०. यस प्रस्तावमा छलफल गर्दा नदीजन्य श्रोत ढुंगा, गिट्टि, वालुवा को कर संकलन कार्य अमानतमा हुँदै आएकोमा कतिपय स्थानमा नियमित कर्मचारीहरु खटाउन नसकिएका कारण नाकामा आउने गाडिवाट कर संकलन गर्न कठिनाई भएको र कतिपय स्थानमा गाडिको चाप अत्याधिक परेकाले जनशक्ति ब्यवस्थापन मिलाउन वडा नं. ९ को सिफारिस अनुसार राजन सुवेदीलाई करारमा कामकाज लगाउने । निजलाई कार्यचापको अवस्था हेरी कार्यालयले कार्यस्थल समेत तोक्ने ।

२१. यस प्रस्तावमा छलफल गर्दा बानीयाँ निर्माण सेवाले गा.पा.को स्वामित्वमा रहेको वडा नं. ८ स्थित मनहरी खोला पुलको पुर्व तर्फ रहेको पर्ति जमिनमा कामको लागि



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

आवश्यक पर्ने निर्माण सामग्री तथा कच्चा पदार्थ राख्ने प्रयोजनका लागि जमिन उपलब्ध गराईदिन अनुरोध गरेकाले निज निर्माण सेवालाई आवश्यक पर्ने जमिनको साँध सिमाना यकिन गरी बस्ती तथा अन्य प्रदुषण नगराउने शर्तमा सो जमिन २०७८ आषाढ मसान्त सम्का लागि गाउँ सभाले तोकेको शुल्क अग्रिम रुपमा लिई उपलब्ध गराउने ब्यवस्था मिलाउने ।

२२. यस प्रस्तावमा छलफल गर्दा तपशिलमा उल्लेखित स्थानमा रहेका स्वास्थ सेवा केन्द्रहरुको नामाकरण देहाय अनुसार कायम गर्ने ।

| सि.नं. | ठेगाना | स्वास्थ्य सस्थाको नाम | कैफियत |
|---|---|---|---|
| १ | मनहरी १ मकरी | सहिद स्मृति आधारभुत स्वास्थ सेवा केन्द्र | |
| २ | मनहरी २ तीनतले | सहिद हिरा स्मृति आधारभुत स्वास्थ सेवा केन्द्र | |
| ३ | मनहरी ४ मसिने | मोतिदेवी स्मृति आधारभुत स्वास्थ सेवा केन्द्र | |
| ४ | मनहरी ६ सुनाचुरी | पुष्पलाल स्मृति आधारभुत स्वास्थ सेवा केन्द्र | |
| ५ | मनहरी ६बालभञ्याङ | जनमुखी सामुदायिक स्वास्थ्य सेवा इकाई | |
| ६ | मनहरी ८ देउकोट | थाहा स्मृति आधारभुत स्वास्थ सेवा केन्द्र | |
| ७ | मनहरी ९ खरङ्गा | मदन भण्डारी स्मृति आधारभुत स्वास्थ सेवा केन्द्र | |

२३. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ८ स्थित साविक वडा कार्यालय बसेको भवनमा आईसोलेसन वार्ड तथा कोभिड अस्थायी अस्पताल संचालन हुँदै आएकोमा सडक तथा क्रसर उद्योगहरुवाट अत्याधिक धुलो उडेर आई वातावरणिय प्रदुषण भैरहेकाले क्रसर उद्योगहरु संग समेत समन्वय गरी गाउँपालिकामा विनियोजित विभिन्न वातावरण संरक्षण शिर्षकवाट ब्यहोर्ने गरी पानी नपरेको दिनहरुमा समय मिलाई सडकमा पानी हाल्ने ब्यवस्था मिलाउने । यस कार्यको रेखदेख, अनुगमन र भुक्तानीको सिफारिस लगायतका कार्यहरु वडा कार्यालयले मिलाउने ।

२४. यस प्रस्तावमा छलफल गर्दा मनहरी वडा नं. ७ स्थित बजार क्षेत्रमा राजमार्गको क्षेत्राधिकार भित्र रहेका निर्माण सामग्री, भौतिक संरचना लगायत अतिक्रमित हुने गरी राखीएका वस्तुहरु हटाउने कार्य यस अघिको बैठकले वडा कार्यालयको समन्वयमा गर्दै आएकोमा मनहरी पुल देखि पश्चिम तर्फको एउटा घर ड्याम माथी रहेको र निजको अन्यत्र कतै जग्गा समेत नरहेको र आर्थिक अवस्था समेत कमजोर भएकाले निजको घर सडक क्षेत्राधिकार भन्दा वाहिर सार्ने प्रयोजनका लागि जमिन पुरी उकास गरी ब्यवस्थापन गराउनु पर्ने भनि वडा कार्यालयवाट अनुरोध भएको संन्दर्भमा रु.१५,००००.०० विपद् ब्यवस्थापन कोषवाट ब्यहोर्ने गरी वडा कार्यालेले घर सार्ने ब्यवस्था मिलाउने ।

२५. यस प्रस्तावमा छलफल गर्दा वडा नं. ६ मा दैनिक ज्यालादारीमा कार्यरत कार्यालय सहयोगिहरुलाई कार्य सम्पादन र कार्यप्रभावकारीता मुल्याङ्कनका आधारमा पारीश्रमिक सेवा शुल्कमा विनियोजित रकमवाट ब्यहोर्ने रु १३,५००.०० कायम गरि मासिक करारमा कामकाग लगाउने ब्यवस्था मिलाउन वडा कार्यालयवाट निर्णय सहित अनुरोध भै



निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

Scanned with CamScanner

आएकाले आवश्यक प्रकृया पुरा गरी मासिक ज्यालादारीमा काम काज लगाउने ब्यवस्था मिलाउने ।

२६. यस प्रस्तावमा छलफल गर्दा निम्न सडक निर्माण कार्यमा रकम विनियोजन/ थप गर्ने ।

| सि. न. | योजनाको नाम ठेगाना | कामको विवरण | विनियोजन | थप भएको | शिर्षक |
|---|---|---|---|---|---|
| १ | पोलाघारी लोथर फरिवाङ रुपाचुरी ग्रामिण सडक मनहरी ६ | पहिरो सफा गर्ने र निर्माण | ४ लाख | १.७० लाख | भैपरी पुँजिगत |
| २ | चकरी, गोगनपानी सडक मर्मत योजना वडा नं. १ | ह्युम पाईप सडक खहरेमा हाल्ने | १ लाख | ०.०० | भैपरी पुँजिगत |
| ४ | वडा नं. ९ र ४ का विभिन्न योजनाहरु(स्टोरको लगत अनुसार) | ह्युम पाईप सडकमा हाल्ने | २.३ लाख | ०.०० | भैपरी पुँजिगत |
| ५ | वडा नं. ३,६,७ का विभिन्न स्थानमा (स्टोरको लगत अनुसार) | खानेपानी ट्युवेल धारा | .०४० लाख | ०.०० | भैपरी पुँजिगत |

यस प्रस्तावमा छलफल गर्दा देहाय बमोजिम गर्ने ।

क. मिति २०७७-०८-२७ देखि मदन भण्डारी रंगशाला वडा नं. ७ मा संचालित तेश्रो अध्यक्ष कप फुटवलका लागि विनियोजित रकमले कार्यक्रम संचालन गर्न नपुग देखिएकाले खेलकुद विकास समितिको सिफारिस एवम् कार्यालयको प्रस्ताव अनुसार रु. ३,१७,०००.०० स्थानीय तह मकवानपुर गोल्डकप शिर्षकवाट थप गरी खर्च गर्ने ।

ख. नेपाल पत्रकार मकवानपुर शाखाको साधारण सभा संचालनका लागि आर्थिक अभाव भएको भनि सहयोगका लागि अनुरोध भै आएकाले प्रेसमिट/पत्रकार फिल्ड भिजिट शिर्षकवाट आवश्यक प्रकृया पुरागरी रु.५०,०००.०० सहयोग गर्ने ।

ग. सगरमाथा प्रा.वि. वडा नं. ६ रुपाचुरीको छाना हावाहुरीले उडाई क्षति पुर्याएकाले सो विद्यालयको भवनमा छाना छाउन कार्यालयमा मौज्दात रहेको जस्तापाता प्राविधिकको लागत अनुमान अनुसार आवश्यक प्रकृया पुरागरी उपलब्ध गराउने ।

घ. मकवानपुर साँकृतिक मन्चले विविध साँकृतिक कार्यक्रम लगायत संगित प्रशिक्षण समेत संचालन गर्दै आईरहेकोमा थप ब्यवस्थित रुपमा कार्यक्रम संचालन गर्न केहि वाध्य सामग्री खरिदका लागि अनुरोध गरेकाले भाषा, कला, साहित्य, संकृति संरक्षण शिर्षकवाट आवश्यक प्रकृया पुरा गरी रु.२५,०००.०० उपलब्ध गराउने ।

ङ. वडा नं. ४ को सिफारिस अनुसार नरसिँहटाँडि तथा वर्राटाँडि टोलका युवाहरुले खेलकुदका लागि ऋषेश्वर मन्दिर अगाडिको चौरमा फुटवल/भलिवल खेल्न मिल्ने गरी मर्मत गरेकाले निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार शिर्षकवाट आवश्यक प्रकृया पुरा गरी रु.२५,०००.०० उपलब्ध गराउने ।

च. वडा कार्यालयको सिफारिस एवम् पशुपति मा.वि. मनहरी ४ मसिनेको च.नं.१९ मिति २०७७-०८-१४ को अनुरोध पत्रानुसार नयाँ भवन निर्माणको क्रममा रहेकाले खानेपानी र शौचालय निर्माणका लागि प्राप्त कार्यालयको लागत अनुमान अनुसार रु. ७५०००.०० विपद् ब्यवस्थापन शिर्षकवाट आवश्यक प्रकृया पुरागरी उपलब्ध गराउने ।

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

... राज उप्रेती
अध्यक्ष



Scanned with CamScanner

छ. वडा नं. ९ को निर्माणाधिन प्रशासनिक भवन जाने बाटो मर्मतका लागि वडा कार्यालयवाट अनुरोध भई आएकाले प्राप्त लागत अनुमान अनुसार रु.५ लाखको कार्य मर्मत संभार कोषवाट भुक्तानी हुने गरी उपभोक्ता समिति गठन गरी गर्ने ।

ज. जेष्ठ नागरिक महासंघलाई जेष्ठ नागरिकहरुको हक हित र संरक्षण कार्यका लागि आर्थिक सहायता शिर्षकवाट रु.५०,०००.०० सहयोग उपलब्ध गराउने ।

झ. त्रिसत्य महाकाब्य नामक पुस्तक १० थान पत्रपत्रिका तथा पुस्तक शिर्षकवाट खरिद गरी वडा कार्यालयहरु तथ कार्यालयको पुस्तकालयमा राख्ने ।

ञ. कोरोना लागेका विरामीहरुलाई आईशोलेशनमा ल्याउने लैजाने कार्यमा प्रयोग भएको गाडी भाडा रु.२,२५,०००.०० उद्दव बर्तौलालाई कोभिड ब्यवस्थापन शिर्षकवाट भुक्तानी दिने र सो शिर्षकमा मिति २०७७ आश्वीन २४ गतेको बैठकमा भएको निर्णय नं. २८/ख/७ को खर्च शिर्षक सोहि अनुसार संशोधन गर्ने । वडा नं. ६ को प्रचार प्रशार खर्च रु. ३,०००.०० र एम्वुलेन्स सेवा खर्चमा मनहरी मनहरी तर्फको रु.१०,३००.०० तथा एम्वुलेन्स पाटेशन खर्च रु. १५,०००.०० आवश्यक प्रकृया पुर्याई सोहि शर्षकवाट उपलब्ध गराउने ।

ट. मनहरी ७ स्थित गोकुल राउत स्मृति क्लववाट संचालित फुटवल खेल कार्यक्रमलाई आवश्यक सहयोगका लागि गाउँ खेलकुद विकास समितिले समेत सिफारिस गरेको आधारमा गाउँपालिकाको खेलकुद विकास कार्यक्रम तथा ब्यवस्थापन चालु शिर्षकवाट रु. २५,०००.०० नियमानुसार उपलब्ध गराउने ।

ठ. देहाय अनुसारका ब्यक्तिहरुलाई सम्वन्धित काजगातहरु तथा वडा कार्यालयवाट भएको सिफारिस समेतको आधारमा स्वास्थ्य उपचार तथा मृतकहरुका लागि आर्थिक सहायता तथा चन्दा शिर्षकमा विनियोजित चालु बजेटवाट प्रदान गर्ने ।

| सि.नं. | वडा नं. | नाम थर | विषय | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनहरी १ | शर्मिला प्रजा | मुटु रोग | १०,०००.०० | |
| २ | मनहरी ९ | रतन कुमारी अधिकारी | पेट रोग | १०,०००.०० | |
| ३ | मनहरी ६ | सुनिग सुनार | कलेजो रोग | १०,०००.०० | |
| ४ | मनहरी ३ | जित बहादुर घलान | गंभिर चोट | १०,०००.०० | |
| ५ | मनहरी ८ | पुतलीमाया मुक्तान | क्यान्सर रोग | १०,०००.०० | |
| ६ | मनहरी ८ | प्रताप सिं गुरुङ | हाड इन्जुरी | १०,०००.०० | |
| ७ | मनहरी ८ | सुसिला रिजाल | क्यान्सर रोग | १०,०००.०० | |
| ८ | मनहरी ५ | सुनिल बहादुर राई | मृगौला रोग | १०,०००.०० | |
| ९ | मनहरी ८ | भिम बहादुर गिरी | घाँटि रोग | १०,०००.०० | |
| १० | मनहरी १ | रिता गोले | पेट रोग | १०,०००.०० | |

उपरोक्त अनुसारका निर्णयहरु सर्वसम्मति रुपमा गर्दै आजको बैठक सम्पन्न भयो ।

निर्णय प्रमाणित
(प्रमुख प्रशासकीय अधिकृत)

एकराज उप्रेती
अध्यक्ष



Scanned with CamScanner